नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभागको

# काठमाडौं उपत्यकाव्यापी उच्च मा.वि.स्तरीय निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचना

२०७४ मंसिर १ गते आयोजना हुने छैटौं राष्ट्रिय कर दिवसको अवसरमा विभागबाट काठमाडौं उपत्यका स्तरीय निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएको छ । उक्त प्रतियोगितामा काठमाडौं उपत्यका भित्रका ९ देखि १२ कक्षा अध्ययन गर्ने विद्यार्थीहरू सहभागी हुन सक्नेछन् । प्रतियोगिताका लागि तीन शीर्षकहरू: १) **“कर र नागरिक दायित्व”** २) **“समृद्ध राष्ट्र निर्माणमा कर ”** ३) **“हामी र हाम्रो कर”** तोकिएको छ । यी तीन शीर्षकहरूमध्ये प्रतियोगिता हुने दिन विभागले तोकेको कुनै एक शीर्षकमा निबन्ध लेख्नु पर्नेछ । निबन्ध लेखनको भाषा नेपाली वा अंग्रेजी हुनु पर्नेछ । निबन्ध प्रतियोगिता यही कार्तिक २४ गते दिनको ठीक १:०० बजे देखि २:३० बजेसम्म आन्तरिक राजस्व विभागको सभाहलमा सञ्चालन हुनेछ । सो प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमश: रू.२५,०००। रू.२०,०००। र रू.१५,०००। नगद र प्रशंसा पत्र प्रदान गरिने छ । यही मंसिर १ गते आयोजना हुने राष्ट्रिय कर दिवसको मूल समारोहको कार्यक्रममा उक्त पुरस्कार र प्रशंसा पत्र प्रदान गरिने छ । प्रतियोगितामा उपत्यकाका प्रत्येक उच्च माध्यमिक विद्यालयबाट १ जना छात्रा र १ जना छात्र गरी बढीमा २ जना सम्म छनौट गरी मिति २०७४।०७।२३ भित्र विभागमा आइपुग्ने गरी विद्यार्थीको नामावली पठाईदिनु हुन सम्बन्धित उच्च मा.वि.लाई अनुरोध गरिन्छ । प्रतियोगितामा भाग लिन आउंदा विद्यार्थी परिचय पत्र साथमा लिई आउनुपर्ने छ ।

यो सूचना विभागको वेबसाइट **www.ird.gov.np** मा पनि हेर्न सकिने छ ।
थप जानकारीका लागि मोबाइल नम्बर ९८४१२६३७६७ वा ९८४३१३९३३० मा सम्पर्क गर्न सकिने छ ।